# गाउँमा गीतहरू गुन्जिदैनन् कथामा अभिघात

टंकप्रसाद भट्टराई*

Email: tankabhattarai21@gmail.com

**लेखसार**

*प्रस्तुत अनुसन्धानात्मक लेख नेपाली जनजीवनमा व्याप्त अभिघातपरक अवस्थितिको प्रभावमा परेका जनता कस्तो भयाक्रान्त अवस्थामा बाचिरहेका छन् भन्ने सन्दर्भसँग सम्बन्धित छ । नेपाली समाजमा समयसमयमा हुँदै आएका द्वन्द्व र तिनले समाजमा पार्ने प्रभावलाई प्रस्तुत गर्ने क्रममा नेपाली साहित्यमा अभिघातपरक कथाकारको रूपमा विशिष्ट पहिचान बनाएका महेशविक्रम शाहको 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथालाई अध्ययनको आधार सामग्री चयन गरिएको छ । हिंसात्मक द्वन्द्वले समाज कसरी आक्रान्त बन्दछ, गाउँहरूमा निर्मित विकासका संरचनाहरू कसरी ध्वस्त पारिन्छन्, मान्छेहरू आफ्नै परिवार समाजमा आफूलाई कतिसम्म असुरक्षित महसुस गर्न पुग्दछन् र त्यसको नतिजा कतिसम्म ध्वंशात्मक हुन्छ भन्ने कुराको पहिचान गराउनु नै प्रस्तुत लेखको महत्त्वपूर्ण पक्ष हो । यही सन्दर्भमा केन्द्रित रहेर यस अनुसन्धान लेखको निष्कर्ष निकालिएको छ ।*

शब्दकुन्जी : अभिघात, ट्रौमा थ्योरी, ट्रोमा क्रिटिसिजम, स्नायविक, पक्षाघात ।



* सहप्राध्यापक : त्रि.वि. (त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा)

# TRAUMA IN THE STORY *GAUNMA GEETHARU GUNJIDAINAN*

***Tanka Prasad Bhattrai***

## Abstract

*The present article deals with the context in which the people affected by the traumatic situation in Nepali life. Mahesh Vikram Shah's story ' Gaunma Geetharu Gunjidainan has been selected as the basis material for the study while presenting the conflicts in Nepali society from time to time and its impact on the society. An important aspect of this article is to identify how violent conflicts attack society, how development structures built in villages are destroyed, how people feel insecure in their own family society and how destructive the consequences are. In this context, the findings of this research article are drawn.*

Keywords : Trauma, Trauma Theory, Trauma Criticism, Neurological, Paralysis.

## विषयपरिचय

साहित्यकार महेशविक्रम शाह (२०२२) सेती अञ्चल अछाम जिल्ला वैद्यनाथ कालीमाटीमा जन्मिएका हुन् । विद्यालयीय शिक्षा स्थानीय विद्यालयबाट सम्पन्न गरी काठमाडौंबाट उच्च शिक्षा प्राप्त गरेका शाहले बि. एस्सी, बि. एल्., एम्. ए. सम्मको औपचारिक शिक्षा प्राप्त गरेका छन् ।

प्रहरी सेवाको उच्च पदमा कार्यरत शाहले स्कुले जीवनबाट नै साहित्यमा विशेष रुचि राखेको देखिन्छ । प्रारम्भमा कविता लेखे पनि पछिल्लो समयमा आख्यान नै आफ्ना लागि उपयुक्त साहित्यिक विधा हो भन्ने ठम्याएर कथा लेखनमा प्रवेश गरेका महेशविक्रम शाहले २०४८ बाट कथा लेख्न थालेका हुन् । उनले *सटाहा* (२०५३), *सिपाहीकी स्वास्नी* (२०५९), *अफ्रिकन अमिगो* (२०६१), *छापामारको छोरो* (२०६३), *काठमाडौंमा कमरेड* (२०६४) लगायतका कथाकृतिहरू प्रकाशित गरेका छन् । २०४६ सालमा प्रहरी सेवामा प्रवेश गरेका शाह देशका विभिन्न ठाउँहरूमा पुगेको देखिन्छ । २०५२ सालदेखि सशस्त्र द्वन्द्व प्रारम्भ भएपछि उनी विशेषतः द्वन्द्वप्रभावित क्षेत्रहरू जाजरकोट, रुकुम, रोल्पा, जुम्ला, मुगु, हुम्ला, बाँके, बर्दिया, आदिमा बसेर द्वन्द्वलाई नजिकबाट हेर्ने मौका पाएको देखिन्छ । यस क्रममा उनले ती ठाउँहरूका जनताका दर्द, क्रन्दन, रोदन, भय, त्रास, आतङ्क र छटपटी जस्ता परिस्थितिलाई, उनीहरूका भयाक्रान्त मनोभावनालाई ज्यादै सूक्ष्म रूपमा अवलोकन गर्दै र आफ्ना कथाहरूमा कलात्मक रूपमा प्रस्तुत गर्दै आइरहेको पाइन्छ (गौतम र घिमिरे, २०६८, पृ. २२३) ।

शाहले सुरक्षा निकायमा गरेको सेवाका कारण जति सम्मान प्राप्त गरेका छन्, साहित्य सेवाका लागि समेत त्यही रूपमा प्रसस्त सम्मान पुरस्कार प्राप्त गरेका छन् । उनले साहित्यतर्फ प्राप्त गरेका पुरस्कार र सम्मानहरूमा बगर सम्मान (२०५९), गोविन्दचन्द्र गौतम दीपवतीदेवी स्मृति सम्मान (२०६१), मैनाली कथा पुरस्कार (२०६१), लोकेन्द्र साहित्य पुरस्कार (२०६१), मदन पुरस्कार (२०६३), लगायतका सम्मान पुरस्कारहरू रहेका छन् ।

राष्ट्रिय तथा अन्तराष्ट्रिय दुवै क्षेत्रका विषयवस्तुलाई कथामा प्रस्तुत गर्ने शाहले *अफ्रिकन अमिगो* भित्रका कथाहरूमा अन्तराष्ट्रिय विषयहरूलाई कथाका रूपमा प्रस्तुत गरेको पाइन्छ । यस अन्तर्गतका कथाले मोजाम्बिकका जनताले भोगेका घटना दुर्घटनाहरूको यथार्थतालाई प्रस्तुत गरेको पाइन्छ ।

शाहले पेसाकै सिलसिलामा देशका सबै ठाउँ र भारत, पाकिस्तान, थाइल्यान्ड, इन्डोनेसिया, सिङ्गापुर, मलेसिया, पूर्वी टिमोर, अस्ट्रेलिया, मोजाम्बिक, जिम्बाम्बे, वोत्सवाना, मलावी, दक्षिण अफ्रिका, बेलायत, फ्रान्सलगायतका देशहरूको भ्रमण गरेका छन् (गौतम र घिमिरे, २०६८, पृ. २२३) । यिनका कथामा मानवजीवनका दुःख, कष्ट, सङ्घर्षका साथै समय र परिस्थितिबाट सिर्जित भय, द्वन्द्व, आक्रान्त मनोविज्ञानको सूक्ष्म प्रस्तुति पाइन्छ ।

आफ्ना कथामा अभिघात मनोविज्ञानको प्रस्तुति गर्नु, आञ्चलिकतालाई प्रभावकारी रूपमा प्रस्तुत गर्नु र विशेषतः तराइको जनजीवनमा केन्द्रित हुनु, सामाजिक यथार्थको चित्रण सशक्त रूपमा गर्नु, निम्न र निम्नमध्यम वर्गीय जनजीवनलाई अधिक महत्त्व दिनु, सरल भाषाशैलीको प्रयोग गर्नु जस्ता महत्त्वपूर्ण विशेषताका साथै उनका कथा सामान्य र बौद्धिक दुवै वर्गका पाठकका निम्ति महत्त्वपूर्ण पाठ्यसामग्रीका रूपमा देखापर्दछन् ।

द्वन्द्व कथाहरूको सङ्ग्रहकै रूपमा परिचित र मूलतः द्वन्द्वकथा अर्थात् अभिघात सिद्धान्त (ट्रोमा थ्योरी) लाई सशक्त रूपमा उठाउने कथासङ्ग्रहको परिचय बनाएको (भट्टराई, २०६४, पृ. २२८) *छापामारको छोरो* कथासङ्ग्रहमा समाविष्ट कथाहरूमध्येको 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथामा समाजमा विद्यमान भय र सन्त्रासलाई ज्यादै प्रभावकारी रूपमा प्रस्तुत गरेको पाइन्छ । नेपाली समाजमा तत्कालीन राज्य र विद्रोही पक्षबीचको सशस्त्र द्वन्द्वका कारण उत्पन्न भय, आतङ्कलाई, सन्त्रासपूर्ण मनोविज्ञानलाई प्रस्तुत गरिएको यो कथा अभिघात कथाका दृष्टिकोणले ज्यादै महत्त्वपूर्ण रहेको मानिन्छ । अतः यस लेखमा अभिघात सिद्धान्तको सैद्धान्तिक धरातलमा केन्द्रित रहेर महेशविक्रम शाहको 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथाको विश्लेषण गरिएको छ ।

## समस्या तथा उद्देश्य

नेपाली साहित्यमा मूलतः समकालीन कथाकारको रूपमा विशिष्ट पहिचान बनाएका महेशविक्रम शाहको 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथामा नेपाली समाजको अभिघातपरक अवस्थाको चित्रण केकसरी गरिएको छ ? भन्ने प्राज्ञिक जिज्ञासा नै प्रस्तुत लेखको प्रमुख समस्या हो । यही शोध प्रश्नमा आधारित रही अभिघात सिद्धान्तका आधारमा प्रस्तुत कथाको महत्त्व र सौन्दर्य मूल्यको पहिचान गर्ने समस्यालाई अध्ययनको मूल समस्या बनाइएको छ । उपर्युक्त शोध समस्यामा केन्द्रित रहेर कथाकार महेशविक्रम शाहको 'गाउँमा गीतहरू गन्जिदैनन्' कथालाई उत्तरआधुनिक समालोचना पद्धतिअन्तर्गतको अभिघातपरक समालोचनाका आधारमा कथाको सूक्ष्म विश्लेषण गर्दै प्रामाणिक तथ्यका आधारमा सैद्धान्तिक कोणबाट कथा सौन्दर्यको निरूपण गर्नु प्रस्तुत अध्ययनको उद्देश्य हो ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानमूलक लेख मूलतः सैद्धान्तिक विश्लेषणमा आधारित रहेको छ । यस अनुसन्धान लेखलाई सम्पन्न गर्न सामग्री सङ्कलन तथा विश्लेषण गरी दुई चरणमा कार्य सम्मन्न गरिएको छ । यस समालोचनाको मूल स्रोत सामग्री 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथा हो भने विश्लेषणको आधार अभिघात सिद्धान्त हो । सिद्धान्तको निरूपणका निम्ति द्वितीय स्रोतबाट प्राप्त सामग्रीको आधारमा अभिघात सिद्धान्तको चर्चा गरिएका सामग्री उपयोग गरिएको छ । यसका निम्ति पुस्तकाललाई उपयोग गरी सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको आधारमा सिद्धान्त निरूपण गरी त्यही सिद्धान्तका सापेक्षतामा निर्धारित कथा 'गाउँमा गीतहरू गुन्जिदैनन्' को विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## अभिघात सिद्धान्तको सैद्धान्तिक पर्याधार

पाश्चात्य साहित्य समालोचनाका क्षेत्रमा देखापरेको उत्तरआधुनिक समालोचनाको बहुलवादी अवधारणाअन्तर्गत नव दृष्टिकोणका साथ देखापरेको अवधारणाका रूपमा अभिघातलाई लिने गरिन्छ । नेपाली बृहत् शब्दकोशले अभिघात शब्दलाई १. काटमार, प्रहार, २. कसैप्रतिको आक्रमण, हमला, ३. व्यापारिक

प्रतिष्ठा, ४. अतिप्रेरणा; ज्यादै भिभ्याहट जस्ता चार अर्थ लगाएको पाइन्छ (२०६७, पृ. ६१) । यी चार अर्थमध्ये प्रथम दुई अर्थसँग अभिघातसिद्धान्तको साहित्यिक सम्बन्ध छ । युद्धजन्य मानसिक पीडा, तनाव, सन्त्रास, भयको चरम स्थितिलाई अभिघात भनिन्छ (गौतम, २०६६, पृ. ५५) । मोहनराज शर्माका अनुसार अभिघात (ट्रौमा) भनेको मानसिक घाउ पार्ने अतीव पीडादायी अनुभूति हो । सामान्यतः अभिघात दैहिक र मानसिक दुवै हुन्छ, तर मनोविज्ञान र साहित्यमा मानसिक अभिघातलाई महत्त्व दिइएको छ । मृत्यु, अकाल मृत्यु, अपहत्ते, बिछोड, हरण, बलात्कार, विनाश, हानी, नृशंशता जस्ता सङ्कटावस्थामा परी भोक्ता वा द्रष्टा भएर असीम पीडाको बोध गरी व्यक्ति मानसिक रूपमा अभिघातित हुन्छ (२०६६, पृ. ६२) ।

झट्ट हेर्दा युद्धसँग अभिघातको सम्बन्ध देखिन्छ तर युद्ध नै अभिघात होइन । द्वन्द्व पनि अभिघातसँग सम्बन्धित छ तर द्वन्द्व नै पनि आफैमा अभिघात होइन । युद्ध र द्वन्द्वले पार्ने प्रभाव, तिनले समाजमा छाड्ने छाप नै अभिघात हुन्छ । पत्नीकै अघिल्तिर लोग्नेलाई मार्नु वा लोग्नेकै अघिल्तिर पत्नीलाई बलात्कार वा हत्या गर्नु, निर्दोष मान्छेलाई अनेक भय आतङ्क दिनु, अङ्गभङ्ग गरिदिनु, अपहरण गर्नु, लुटपाट गर्नु मार्नु (कोइराला, २०६८, पृ. २६६) जस्ता घटनाले साहित्यमा अभिघातपरक अवस्थाको सिर्जना गर्छ ।

साहित्यमा युद्ध भय र त्रासको प्रस्तुति धेरै अघिदेखि हुँदै आएको हो । मानवीय मनोद्वन्द्वको प्रस्तुति पनि अघिदेखि नै हुँदै आएको हो । मनोद्वन्द्वको समालोचकीय परम्पराको थालनी पनि फ्रायडको मनोवैज्ञानिक सिद्धान्तको प्रतिपादनसँगै फ्रायडवादले गरेको हो । फ्रायडपछिका मनोविश्लेषकहरूले पनि व्यक्तिको अभिघातिक मनको अध्ययन गरे तर पनि साहित्यको विश्लेषण गर्ने एक नवीन पद्धतिको वा सिद्धान्तका रूपमा यसको विकास भने सन् बिसौं शताब्दीको अन्तिम दशकतिर भएको हो । अभिघात शब्द सिर्जना र समालोचनामा प्रयुक्त हुनुपूर्व भिन्नभिन्न अर्थका साथ साहित्य क्षेत्रमा प्रयोग भएको देखिन्छ (पौड्याल, २०७०, पृ. १२१) ।

अंग्रेजी ट्रौमा शब्दको नेपाली पर्यायका रूपमा अभिघात शब्द प्रचलित छ । समयसमयमा विभिन्न अर्थमा प्रयोग हुँदै आएको यो शब्द सत्रौं शताब्दीमा स्वास्थ्योपचारको क्षेत्रमा प्रयोग भएको र तत्कालीन समयमा अभिघातिक, अभिघातवाद, अभिघातीकरणको शारीरिक चिरफार वा बाहिरी घाउ भन्ने सिमित अर्थ लगाइएको पाइन्छ भने उन्नाइसौं शताब्दीको अन्त्यतिर आउँदा शारीरिक आघात, स्नायविक विकृति भन्ने अर्थ दिन थालेको पाइन्छ (पौड्याल, २०७०, पृ. १२२) । पछिल्लो समयमा यसले क्रमशः मानसिक रोग वा आघात, भावनात्मक संवेगमा पर्ने पीडाजन्य प्रभाव हुन थाल्यो । यसरी अभिघातको अर्थ शारीरिक चोटका साथै मन र मस्तिष्कमा पुग्ने चोटसम्म फैलियो । यसले शारीरिक चोटलाई मात्र नबुझाएर स्नायविक, मानसिक र मनोवैज्ञानिक स्थितिलाई बुझाउन थाल्यो (भट्टराई, २०६४, पृ. २२८) ।

अभिघात सिद्धान्तको स्थापनाका पछाडि दुई ठूला विश्वयुद्ध प्रमुख कारकका रूपमा देखापर्दछन् । प्रथम र द्वितीय विश्वयुद्धले जुन प्रकारले धन र जनको क्षतिका साथै मान्छेलाई शारीरिक र मानसिक रूपमा घाइते तुल्यायो त्यो युद्धजन्य विभीषिका महत्त्वपूर्ण रहेको देखिन्छ । यसरी घटना दुर्घटनाका साथै प्रत्यक्ष परोक्ष रूपमा यौनजन्य शोषण, बलात्कार, विस्थापन, प्रवासन, प्राकृतिक विपत्ति, आफन्तको मृत्यु, अपहरण, धम्की, विश्वासघात, घृणा, दण्ड, धोका आदि कारणबाट उत्पन्न हुने अनुभव र अनुभूतिजन्य पीडालाई अभिघात भनिन्छ (पौड्याल, २०७०, पृ. १२३) भने यसप्रकारका अवस्थाहरूको चित्रण संवेदनशील रूपमा गर्ने साहित्य सिर्जनालाई अभिघातपरक सिर्जना भनिन्छ । जुन समालोचना अन्तर्गत त्यस्ता घटना दुर्घटनाको प्रस्तुति रहेका सिर्जनाहरूको विश्लेषण परिवेशजन्य उपजका रूपमा पात्रका मनोभावनाको विश्लेषणका माध्यमबाट गरिन्छ त्यसलाई नै अभिघात समालोचना भनिन्छ ।

नेपाली साहित्यमा अभिघातपरक सिर्जनाको प्रस्तुति केही अघिदेखि भए पनि मूलतः २०५२ को सशस्त्र द्वन्द्वपछि महेशविक्रम शाह, प्रदीप नेपाल आदिका सिर्जनाबाट सशक्त रूपमा अघि बढेको पाइन्छ भने समालोचनाका क्षेत्रमा गोविन्दराज भट्टराई आदिका समालोचना र भूमिका लेखनका माध्यमबाट यसको यात्रा अघि बढेको देखिन्छ (गौतम, २०६६, पृ. ५६) ।

नेपाली कथा सिर्जनामा अभिघातीय कथा सिर्जना गर्नेहरूमा महेशविक्रम शाह अग्रपंक्तिमा पर्दछन् । उनका प्रायः सबै कथासङ्ग्रहभित्रका कथाहरूले यस प्रवृत्तिको प्रतिनिधित्व गर्दछन् तापनि उनको *छापामारको छोरो* कथासङ्ग्रहभित्रका कथाहरूले माओवादी द्वन्द्वबाट प्रभावित नेपाली समाजको चित्रण ज्यादै सशक्त रूपमा गरेको पाइन्छ । त्यही कथासङ्ग्रमा समाविष्ट 'गाउँमा गीतहरू गुन्जिदैनन्' उनको अभिघात कथाहरूमध्येको प्रभावशाली र प्रतिनिधि कथा हो । त्यसलाई नै यहाँ विश्लेषणको आधार बनाइएको छ ।

## 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथाको अभिघातपरक विश्लेषण

महेशविक्रम शाहको चौथो कथासङ्ग्रह *छापामारको छोरो* भित्रका अठारवटा कथाहरूमध्येको दोस्रो क्रममा रहेको 'गाउँमा गीतहरू गुन्जिदैनन्' ज्यादै शक्तिशाली कथा हो । २०६४ सालको मदनपुरस्कार प्राप्त यस कृतिभित्रका कथाहरूले मूलतः २०५२ देखि २०६२ का बीच नेपालमा चर्किएको माओवादी द्वन्द्व र त्यसबाट भयाक्रान्त नेपाली समाजका विभिन्न पक्षहरूको चित्रण गरेको छ । जसमध्ये तराईको कुनै एउटा बस्तीको परिवेशमा आधारित भएर सिर्जना गरिएको कथा 'गाउँमा गीतहरू गुन्जिदैनन्'ले द्वन्द्वबाट ग्रसित भएर उजाड र सुनसान भएको बस्तीको चित्रण कथामा प्रस्तुत गरेको पाइन्छ ।

मूलतः थारु जातिको प्राधान्य रहेको र मिश्रित बसोबास रहेको बस्तीको भौतिक र मानसिक दुवै दृष्टिकोणबाट चरम आक्रान्त र भयावह छ । बस्ती र बस्तीबासीको मन जीर्ण विदीर्ण बनेको कुरालाई कथाले सजीव रूपमा प्रस्तुत गरेको पाइन्छ ।

यस कथामा प्रमुख पात्र सानो बाबु 'म' पाँच-छ वर्षपछि गाउँ फर्केको प्रसङ्गसँगै कथा अगाडि बढेको छ । म पात्र सानोबाबु पाँच-छ वर्षपछि गाउँ फर्कनुमै अभिघात अन्तर्निहित छ । माओवादी द्वन्द्वकालमा गाउँहरू युवायुवतीविहीन हुनुको कारण हो द्वन्द्वरत छापामार र सरकारी पक्षको सन्त्रास । सक्नेहरूले सन्तानलाई पढ्न सहर पठाए वा विदेश, कसैले रोजगारीको नाममा विदेश पठाए भने केही सशस्त्र द्वन्द्वमा लागे । यही पृष्ठभूमिमा पढ्न भनी सहर पसेको तर द्वन्द्वकै भयका कारण गाउँ नफर्केको पात्र हो सानो बाबु । ऊ छ वर्षपछि आमाद्वारा हजुरबुबा र हजुरआमा बिरामी परेकाले एकपटक जसरी पनि घर आउनु भन्ने सन्देश पठाएपछि आफू सानो छदा भुइमै झर्न नदिएर हुर्काएका हजुरबुबा र हजुरआमालाई भेट्न भनी गाउँ फर्केको विषय 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथामा प्रस्तुत गरिएको छ ।

गाउँमा फर्किँदै गरेको सानोबाबु द्वन्द्वग्रस्त अवस्थितिबाट यतिविघ्न भयभीत देखिन्छ कि पहिला राजमार्गबाट गाउँ छिर्दा लट्टुमा गोरुको पुच्छर निमोठेर चिच्याउने म पात्र यसपटक भने नचिनिने गरेर गालामा दाह्रीजुँगा पालेर, निधारमा छोप्नेगरी टोपी लगाएर नचिनिने भएर गाउँ पस्छ । ऊ गाउँ छिर्दैगर्दा स्वयं जति भयभीत देखिन्छ उसलाई देखेर गाउँलेहरू पनि त्यति नै भयभीत देखिन्छन् । "आफूले धेरैपटक ओहोरदोहोर गरिसकेको बाटो भए पनि मलाई त्यस दिन लाग्यो कि म कुनै अपरिचित भूमिमाथि हिँडिरहेको छु" (पृ.८) भन्ने सानोबाबुको अभिव्यक्तिले द्वन्द्वले सिर्जना गरेको भयलाई प्रस्तुत गर्दछ । यसप्रकारको भयाक्रान्त वातावरणमा राजमार्गबाट दुई गाउँ छिचोलेर आफ्नो गाउँ छिरेको सानोबाबुले जब आफूले बाह्रखरी र नाम लेख्न सिकेको स्कुलको भत्केको खण्डहर देख्छ । बालबालिकाहरू विहीन उक्त खण्डहरको छानोमा कागहरू र कोठामा भुस्याहा कुकुरहरू देखिन्छन् उसको मन छियाछिया हुन्छ । स्कुलबाट केही अगाडि जाँदा गाउँलेहरूको अथक प्रयत्नबाट निर्माण गरिएको टेलिफोन टावर, जहाँबाट सानोबाबुकी आमा उसलाई सम्पर्क गर्ने गर्थिन् त्यो ध्वस्त पारिएको देखेर उसको मन अतालिन्छ ।

यी दुई दृश्यलाई देख्दै गाउँमा प्रवेश गरेको सानोबाबु र उसँग उसका गाउँले संगाती र वृद्धहरूले गरेको व्यवहार द्वन्द्वले ग्रसित अभिघातका दृष्टिले ज्यादै महत्त्वपूर्ण छ ।

बालसखा हरेरामको घर अगाडि पुगेको सानोबाबुले उसको घरको फुसको छानोमा उम्रिएको झार, लिउन उप्केको घरको भित्तो, खाल्टा परेको आगन, करेसा बारीमा स्याहार नपाएर सुकेका बोटहरू र उसको घरको ढोकामा झुन्ड्याइएको ताल्चाले हरेरामको परिवार गाउँबाट विस्थापित भएको कुराको परिचय दिन्छ ।

यो दृश्य त्यस्तो प्रतीकका रूपमा कथामा प्रस्तुत भएको छ जसले अत्यधिक नेपाली गाउँहरूका घरबस्ती विस्तापित भएको थियो । अन्य केही घरमा ढोका नलगाएको भए पनि मान्छेको उपस्थिति नदेखिँदा र मरन्च्याँसे कुकुर देख्दा उसको मन अचम्भित हुन्छ । बालसखा चुन्नुको घरको आगनमा पुग्दा पशु समेत उसबाट भयभीत हुँदै सूसू फूफू गर्छन् । चुन्नुको घरको बन्द ढोका खोलेर बाहिर निस्किएकी एक वृद्धाले सानोबाबुलाई हेरेर त्रसित र भयभीत भावमा “चुन्नु नही हो । वो परदेश गइल वा, कितनी बार कहुँ मै ये बात !” (पृ. १०) भनी झटपट घरभित्र पस्छिन् । चुन्नुकी आमाको त्यस प्रकारको अभिव्यक्तिले कुनै व्यक्ति पटकपटक चुन्नुलाई खोज्दै आउनेगरेको अवस्थाको विश्लेषण सानोबाबुले गर्छ तर उसले आफ्नो परिचय दिन नपाउँदै उनी घरभित्र पस्छिन् । यस प्रसङ्गको माध्यमबाट युद्धरत माओवादी छापामारहरू तत्कालीन अवस्थामा युवायुवतीहरूलाई छापामार युद्धमा सामेल हुन बाध्य पार्ने गरेको र छापामार युद्धमा लाग्न नचाहने र त्यसप्रति आस्था नभएका वा युद्धबाट डराउने युवायुवतीहरू र तिनका अभिभावकहरू त्यसबाट सदैव सताइने वा भयभीत रहने गरेको सन्दर्भलाई सङ्केत गर्दछ । यसले अर्कातर्फ घरमा आउने आफ्नै इष्टमित्र वा अतिथिसँग समेत परिचित हुन मान्छेहरू डराउने गरेको अवस्थालाई देखाएको छ । झट्ट हेर्दा अतिवाद जस्तो देखिने यस प्रकारको घटना नेपाली समाजले द्वन्द्वकालमा बेहोरेको वास्तविकता हो ।

गाउँ छिर्दै गर्दा मनमनै भयभीत बनेको सानोबाबु आफ्नो गाउँ आफूभन्दा अधिक भयभीत देखेर व्याकुल हुन्छ । सानोबाबु बालसखा सुरजरामको घर पुग्छ । घरको ढोका लागे पनि भित्र कोही बोलेको सुनेर उसले आवाज दिन्छ । भित्रको आवाज बन्द हुन्छ । केही क्षणमा सुरजरामकी बहिनी ढोकामा देखिन्छे । आफूलाई आफ्नो दाजु सुरजराजले जत्तिकै माया गर्ने सानोबाबुलाई देखेर बहिनी फुलवा अचम्म पर्छे । समयभन्दा पहिला नै वृद्ध देखिन थालेकी फुलवा सानोबाबुलाई देखेर खुसी हुनुपर्नेमा त्यसो गर्न सक्दिन । सुरजराम गाउँबाट हिँडेको र हिँड्नेबेलामा आफूलाई बिर्सिदिन आग्रह गरेको कुरा सुनाउँदै फुलवा भन्छे “पहिले जैसन नहीँ रहल हमार गाउँ सानोबाबु । आजकल गाउँमे कोई मर्द नरहैल । तुम काहेकलग आइलो ?” (पृ. १२) यतिमात्र होइन ऊ आफ्नो दाजुलाई जत्तिकै माया गर्ने सानोबाबु गाउँ आएकोमा समेत खुसी हुन सक्दिन र उसलाई तत्काल सहर फर्किन आग्रह गर्छे । कथामा फूलवाको मनोविज्ञान, मनोभावना र शारीरिक अवस्थालाई प्रस्तुत गर्दै भनिएको छ

> उसको हँसिलो अनुहार खुम्चिँदै, चाउरिँदै, मलिन भइरहेको थियो । ऊ धेरै कुराहरू बोल्न चाहेर पनि सकिरहेकी थिइन । पहिलेकी हँसिली-रसिली र चञ्चल फुलवा लामो समयको अन्तरालपछिको भेटमा पनि खुल्न सकिहरेकी थिइन । सायद ऊ पनि अन्य गाउँलेहरूझैँ त्रसित, भयभीत र आतङ्कित थिई (पृ. १२) ।

सानोबाबु जति गाउँका घरहरू हेर्दै अघि बढ्छ त्यो देखेर उसको मन उती नै विदीर्ण बन्छ । गाउँका ती सारा घरहरू सबै जीर्ण अवस्थामा देखिन्छन् । ऊ गाउँका घरहरू दसैं तिहारमा पनि नलिपिएको अनुमान लगाउँछ । गाउँका ती परिदृश्यले चिन्तित बन्दै सानोबाबु आफ्नो घर पुग्छ । आफ्नो घर पुगेर ढोकाबाट आवाज दिएको सानोबाबुलाई ढोग्नसमेत नदिई भित्र तानेर आमाले आग्लो लगाउनुले उनको मनको भयको परिचय प्राप्त हुन्छ । सानोबाबुलाई स्नेहले सुमसुम्याउदै उसका वृद्ध हजुरबुबाले

> तँ कसरी गाउँमा आइस् बाबू ? हामीले त आशा मारिसकेका थियौं । तँ जन्मेको, हुर्केको, खेलेको यो गाउँ त परदेशजस्तै भइसक्यो बाबू ! ... गाउँमा आफूले देखेका चिनेका मान्छेहरू पातलिँदै जान थाले बाबू ! नचिनेका नयाँ मान्छेहरू मात्र बन्दुक बोकेर घुमिरहन्छन् यहाँ (पृ. १३)

भन्ने अभिव्यक्ति ज्यादै मर्मस्पर्शी छ । यसले सानोबाबुको हजुरबुबाको मनमा विद्यमान भयाक्रान्त मनोद्वन्द्वलाई प्रस्तुत गरेको छ । त्यतिमात्र नभएर यसले सानोबाबुको हजुरबुबाको माध्यमबाट आफ्ना छोराछोरी, बुहारी, नातिनातिनालाई गाउँबाट टाढा पठाएर वृद्धवृद्धाहरूले सुनसान गाउँमा एक्लै वृद्धावस्था बिताउनुपर्दा र भयावस्थामा शुन्य दिनहरू बिताउनुपर्दाका पीडा अभिव्यक्त भएको छ । त्यसैगरी चुलोमा सँगै राखेर रोटी खुवाउँदै आमाले भनेका अभिव्यक्ति “गाउँमा त्राहिमाम छ बाबू । कोही पनि गाउँमा बस्न चाहँदैनन् । जग्गाजमिन हुनेहरू आफ्नो गाउँको सरसम्पत्ति बेचेर सहर झरे, केही नहुनेहरू कालापहाडतिर कुदे” (पृ. १४) भन्ने अभिव्यक्तिले गाउँको शून्यावस्था भयावह अवस्थाको चित्रण गर्दछ । नेपालका ग्रामीण समाजका

बालबालिका युवायुवती र वृद्धवृद्धाहरू युद्धबाट कतिसम्म भयभीत थिए, कतिपय व्यक्तिहरूले राज्य र छापामारहरूबाट कतिसम्मको मानसिक यातना भोग्नुपरेको थियो । बालबालिकाको मनमस्तिष्कमा त्यसले केकस्तो प्रभाव पारेको थियो भन्ने कुराको चित्रण अत्यन्त वस्तुपरक छ (गैरे, २०७४, पृ. २२८) भन्ने विश्लेषण शाहको यस कथामा ज्यादै पुष्टिन पुगेको पाइन्छ ।

रात्रीको अन्तिम प्रहरमा टाढा गोली चलेको आवाजसँगै आमाले सानोबाबुलाई तत्काल गाउँ छोडेर जान भन्छिन् । केही दिन बसेर गाउँ घुम्ने मनसायले गाउँमा आएको सानोबाबु आमाको आग्रह र गाउँको भयाक्रान्त वातावरणका साथै टाढाबाट क्रमशः नजिक हुँदै गएको बन्दुकको आवाजको भयले गर्दा विहान पनि हुन नपाउँदै आफ्नो गाउँ छोडेर हिँड्न बाध्य बनेको छ ।

बाल्यकालमा खेल्ने, उफ्रने, अनेक पर्वआदिमा गाउने नाच्ने, बिहानदेखि साँझसम्मका घरगृहस्थीका कामहरू गर्ने ती ग्रामीणहरूका विगतका रमाइला पलहरू र भय र त्रासले बास गरेको वर्तमान आफ्नो गाउँलाई सम्झदै विहान उज्यालोसम्म हुन नपाउँदै सानोबाबु गाउँ छोडेर हिँड्न बाध्य हुन्छ । भय, त्रास, आतङ्कले बन्द ओठहरूबाट गीतहरू गुञ्जन बन्द भएको, बन्दुकका नालबाट निस्किएका गोलीको कर्कस आवाजमा गाँजिएको गाउँको चित्रण गरिएको कथाका रूपमा विकसित 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथा द्वन्द्वबाट ग्रसित गाउँको कथाका रूपमा प्रस्तुत भएको छ । कथामा सानोबाबु र उसको मानसपटलमा विद्यमान हिँजोका सम्झनाहरूको माध्यमबाट विगतका दिनमा बालशुलभ क्रीडा गर्दै रमाउँदै उफ्रँदै गरेको विगतको समाइलो, आकर्षक, स्वर्गीय गाउँ र वर्षौंपछि फर्किएर आउँदा उजाड बनेको, युवायुवती विहीन, डराएर दिउसै ढोका लगाएर घरभित्र बस्ने वृद्धवृद्धामात्र रहेको भग्नावशेष गाउँको रूपमा चित्रित मदेशको गाउँ कथामा प्रस्तुत गरिएको पाइन्छ ।

कतै राज्यबाट असन्तुष्ट भएर छापामार युद्धमा लागेका सुरजरामजस्ता युवायुवतीहरू, कतै पढ्न सहर पसेका सानोबाबुजस्ता र कतै छापामारहरूको भयका कारण कालोपहाडतिर पसेका वा परदेशतिर पसेका चुन्नुहरूको कथाका रूपमा विद्यमान गाउँको रूपमा यस कथामा प्रस्तुत भएको छ । द्वन्द्वरत पक्ष र राज्यपक्षका शक्तिदम्भको चेपुवामा परेका गाउँलेहरूको भयाक्रान्त अवस्थाको चित्रण गरिएको कथामा मूलतः माओवादी छापामारले पुऱ्याएको क्षति र उनीहरूबाट उत्पन्न भयलाई केन्द्रीयतामा राखेर प्रस्तुत गरिएको पाइन्छ । २०५२/०६२ को द्वन्द्वकालमा विद्यालय, टावरहरू र अन्य राज्यस्तरबाट निर्मित भौतिक संरचना ध्वस्त पार्ने काम मूलतः द्वन्द्वरत पक्षबाट भएको देखिनु र यस कथामा पनि ती विषयले महत्त्व पाउनु, अपरिचिति व्यक्तिलाई देखेर ग्रामीणहरू भयभीत हुनु र अपरिचित व्यक्तिहरूका रूपमा छापामारहरू गाउँमा प्रवेश गर्नु जस्ता प्रसङ्गहरू मूलतः द्वन्द्वरत छापामारसँग सम्बन्धित देखिन्छ । मध्यरातमा बन्दुक पड्काउँदै गाउँहरूलाई आतङ्कित गर्ने कार्य पनि मूलतः द्वन्द्वरत पक्षबाट हुनेगरेकोले कथामा २०५५/०६२ का बीचमा नेपाली समाजमा विद्यमान चरम भयको अवस्थालाई कथाले प्रस्तुत गरेको मान्न सकिन्छ । दोहोरो बन्दुकको मारमा परेर नेपाली जीवन र समाजले भोग्नुपरेको युगीन त्रासदीका बिम्बहरू, माओवादी परिवेशभित्रका छापामार जीवनशैली (गौतम र अधिकारी, २०६९, पृ. १६९) बाट प्रभावित गाउँको कथाको रूपमा 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथा प्रस्तुत भएको छ ।

अभिघात सिद्धान्तले भौतिक र मानसिक रूपमा क्षतविक्षत अवस्थालाई सङ्केत गर्दछ । यस कथामा भत्काइएको टावर, स्कुल, महिनौं वर्षौंदेखि नछाइएका घरका छाना र नलिपिएका घरका भित्ता, भत्किएका आँगन नस्याहारिएका करेसाबारी भौतिक रूपमा ध्वस्त पारिएका वा बन्न पुगेका संरचना गाउँका धेरै घरहरूमा ढोकामा ताल्चा झुन्ड्याइनु जस्ता दृष्टान्त हुन् भने सधैं बैलगाडामा रमाउँदै गाउँ छिर्ने सानोबाबु दाह्री पालेर टोपीले निधार छोपेर अपरिचित बनेर वन जङ्गलको बाटो गाउँ छिर्नु, चुन्नुकी आमाले सानोबाबुलाई नचिन्नु मात्र नभई चिन्ने प्रयत्न समेत नगरी धेरैपटक चुन्नुलाई खोज्दै घरमा आइरहने छापामार सम्झिएर भयभीत हुँदै झिझिनु, फुलवाले आफ्नै दाजुजत्तिकै माया गर्ने सानोबाबुलाई देखेर खुसी मान्नुपर्नेमा खुसी हुन नसक्नु र गाउँमा नआउनुपर्ने भन्दै तत्काल फर्किन आग्रह गर्नु, आमाले ढोग्न समेत नदिएर घरभित्र तान्नु, हजुरबुबा हजुरआमाले गाउँको अवस्थाप्रति चिन्ता प्रकट गर्नु, राति घर आएको सानोबाबुलाई आमाले उज्यालो पनि नहुँदै घरबाट हिँड्न आग्रह गर्नु र सानोबाबु आफ्नो गाउँ नै नघुमी नडुली गाउँ छोडेर बिहान नहुँदै निस्किनुजस्ता घटनाहरू कथामा अभिघातको चित्रणका लागि बलियो सन्दर्भ बनेर प्रस्तुत भएका छन् ।

## निष्कर्ष

महेशविक्रम शाहको *छापामारको छोरो* कथासङ्ग्रहमा समाविष्ट 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथा अभिघात सिद्धान्तका सापेक्षमा अध्ययन गर्दा ज्यादै प्रभावकारी र सशक्त कथाका रूपमा प्रस्तुत भएको कथा हो । नेपाल प्रहरीसेवाको माथिल्लो पदमा कार्यरत शाहले देश र विदेशका द्वन्द्वप्रभावित क्षेत्रको भ्रमण गर्ने अवसर प्राप्त गरेको र तिनैलाई कथाको रूप दिने गरेकाले उनले अभिघातपरक कथा लेख्ने कथाकारको परिचय बनाएका छन् । मूलतः माओवादी द्वन्द्वकालमा नेपालका द्वन्द्वप्रभावित क्षेत्रमा सेवारत रहेका शाहले आफूले प्रत्यक्ष रूपमा देखेका घटनाहरूलाई नै कथाको रूप दिएको र त्यही द्वन्द्वमा आधारित कथाहरूमात्र *छापामारको छोरो* कथासङ्ग्रहभित्र समावेश गरेकोले यो कथासङ्ग्रहभित्रका सबै कथा अभिघातका दृष्टिले ज्यादै शक्तिशाली छन् ।

सर्वप्रथम २०६० सालको गरिमा पत्रिकामा प्रकाशित भएको र सङ्ग्रहको दोस्रो क्रममा रहेको 'गाउँमा गीतहरू गुन्जिदैनन्' कथाले युद्धबाट प्रभावित, भयभीत र क्षतिग्रस्त गाउँ र गाउँका जनताको कथा प्रस्तुत गरेको छ । एकातिर पढ्न सहर पसेका, डरका कारण गाउँ नफर्कने र उनका अभिभावकले पनि सहरमै बस्न आग्रह गर्ने गरेको अवस्थाको प्रस्तुति कथामा छ भने अर्कोतर्फ गाउँमा बस्न नसकेर कमाउने निहुमा विदेश पसेको विषयलाई कथाले प्रस्तुत गरेको छ । युद्ध र द्वन्द्वले स्कुल तथा सूचना र सञ्चारका साधनहरू क्षतिग्रस्त भएको कुराका साथै गाउँका धेरै घरहरूमा ताला लागेको, मान्छेहरू विस्थापित हुँदै गएको, अवस्थाका साथै जो गाउँमा छन् उनीहरू पनि भयका कारण दिनमै घरको ढोका लगाएर घरभित्र बस्न बाध्य हुने गरेको यथार्थलाई कथामा प्रस्तुत गरिएको छ । सहरबाट बाध्यताबस गाउँ आउनुपर्दा आफ्ना आफन्तसँगै नचिनिने भएर गाउँ आउनुपर्ने र उनीहरूलाई देखेर चिन्न नसक्नाले आफन्तहरू उनीहरूबाट नै डराउने अवस्था सिर्जना भएको कुरा कथामा प्रस्तुत छ । परिचित भैसकेपछि पनि धेरै वर्षपछिको भेटमा खुसी हुनुको साटो जोखिम मोलेर गाउँ आएकोमा चिन्ता व्यक्त गर्दै नआउनुपर्ने र छिट्टै सहर फर्कने सुझाव दिनेगरेको कुरा कथामा प्रस्तुत छ । भौतिक प्रभावका रूपमा गाउँका घरहरूमा ताला लाग्नु, घरका छानामा उम्रिएको झार उलेल्नेसम्मको अवस्था नरहनु, घरका भित्तामा उप्किएको लेवन लगाउने अवस्था नरहनु, घरका आँगन र करेसाबारीले स्याहार नपाएको, स्कुल बन्द भएको, टेलिफोन टावर भत्केको अवस्था कथामा प्रस्तुत छ भने मानसिक प्रभावका रूपमा आफ्नै गाउँमा भयभीत बनेर घरको ढोका लगाएर बस्नुपरेको, नयाँ मान्छे देख्दा परिचयसम्म गर्न डराउनुपरेको, वृद्ध हजुरबुबाआमालाई भेटेर, केही दिन गाउँ घुमेर फर्किने उद्देश्य बनाएको सानोबाबु बिहान नहुँदै घर र गाउँबाट निस्किएर हिड्नुपर्ने अवस्था सिर्जना भएको, आफ्नै गाउँमा आउँदा अपरिचितको भेषमा आउनुपर्ने जस्ता द्वन्द्वबाट सिर्जित भयाक्रान्त अवस्थाको प्रस्तुति यस कथाले गरेको छ । यसरी कथा अभिघातको अवस्थालाई प्रस्तुत गर्न ज्यादै सफल देखिएको छ ।

## सन्दर्भसूची


कोइराला, कुमारप्रसाद (२०६८). *आख्यान विमर्श.* काठमाडौं : ओरिएन्टल पब्लिकेसन ।

गैरे, शंकरप्रसाद (२०७४). *कथा सिद्धान्त र प्रतिनिधि नेपाली कथा.* काठमाडौं : कमलादेवी न्यौपाने ।

गौतम, देवीप्रसाद र घिमिरे, कृष्णप्रसाद (सम्पा.).(२०६८). *आधुनिक नेपाली कथा भाग ३.* ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.* काठमाडौं : ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९). *नेपाली कथाको इतिहास.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

*नेपाली बृहत् शब्दकोश.* (२०६७). छैटौं संस्करण. काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* चितवन : विमर्श नेपाल ।

भट्टराई, गोविन्दप्रसाद (२०६४). *उत्तरआधुनिक विमर्श.* काठमाडौं : मोडर्न बुक्स ।

शर्मा, मोहनराज (२०६६). *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना.* काठमाडौं : क्वेस्ट पब्लिकेसन ।

शाह, महेशविक्रम (२०६४). *छापामारको छोरो.* चौथो संस्करण. ललितपुर : साझा प्रकाशन ।